# बाल अधिकार संरक्षण तथा संम्वर्द्धन सम्बन्धी कार्यविधि, २०७९

(दशौं नगरसभा (मिति २०७९/०९/२९) र नगर कार्यपालिकाको मिति
२०७९/०९/२७ मा बसेको बैठकबाट पारित)

त्रियुगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, गाईघाट, उदयपुर

१ नं. प्रदेश

CamScanner

## त्रियुगा नगरपालिका

## बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७९

दशौं नगरसभाबाट परित मितिः २०७९/०९/२९
त्रियुगा नगर कार्यपालिकाबाट पारित मितिः २०७९/०९/२७

**प्रस्तावनाः** बालवालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बाल अधिकारको सम्मान, पालना, संम्वर्द्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालवालिकाको सर्वोत्तम हित कायम गर्न बाल अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धी, नेपालको संविधान, प्रचलित बालवालिका सम्वन्धी विद्यमान कानूनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको भाग १८ धारा २२६, स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद १५ को दफा १०२ र त्रियुगा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी त्रियुगा नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि वनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक १

१. <u>सक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "त्रियुगा नगरपालिका बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "प्रमुख" भन्नाले त्रियुगा नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ख) "उपप्रमुख" भन्नाले त्रियुगा नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले संविधान वमोजिम स्थापना भएको त्रियुगा नगरपालिका सम्झनुपर्छ।

(घ) "नगर सभा" भन्नाले संविधानको धारा २२३ को उपधारा (१) वमोजिमको त्रियुगा नगरपालिकाको नगर सभा सम्झनुपर्छ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बालवालिका सम्वन्धी ऐन, २०७५ सम्झनुपर्छ ।

(च) "कार्यविधि" भन्नाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७९ सम्झनुपर्छ ।

(छ) "परिषद्" भन्नाले ऐनको दफा ५९ बमोजिम गठित राष्ट्रिय बाल अधिकार परिषद् भन्ने सम्झनुपर्छ।

(ज) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सामाजिक विकास मन्त्रालय भन्ने सम्झनुपर्छ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



वसन्त कुमार बस्नेत
नगर प्रमुख

CamScanner

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम त्रियुगा नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा कार्यरत अधिकृत कर्मचारी भन्ने सम्झनुपर्छ।

(ञ) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिमको अधिकारी सम्झनुपर्छ।

(ट) "बाल गृह" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५२ बमोजिम स्थापना भएको बालगृह सम्झनुपर्छ।

(ठ) "बालक्लव वा बाल संस्था" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्धनका लागि १८ वर्षमुनिका बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा 10 को आधारमा निर्देशिकामा व्यवस्था भए अनुसार वा यस कार्यविधि बमोजिम त्रियुगा नगरपालिकामा दर्ता भएको बालक्लव वा बाल संस्था सम्झनु पर्छ।

(ड) "बाल कोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल राहत, पुनर्स्थापना, क्षतिपूर्ति प्रदान तथा छात्रवृत्तिका लागि यस कार्यविधिको दफा २१ बमोजिम त्रियुगा नगरपालिकामा स्थापना गरिएको बाल कोष भन्ने सम्झनु पर्छ।

(ढ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर नपुगेका व्यक्ति भन्ने सम्झनुपर्छ।

(ण) "बाल सञ्जाल" भन्नाले त्रियुगा नगरपालिका तथा वडा स्तरमा गठन भएका बालबालिका तथा बाल क्लवहरुको सञ्जाल सम्झनुपर्छ ।

(त) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भन्ने सम्झनु पर्छ।

(थ) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिमका बालबालिका भन्ने सम्झनु पर्छ।

(द) "समाजसेवी वा मनोविद्" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम त्रियुगा नगरपालिकामा नियुक्त समाजसेवी, बालमनोविद् एवम् सामाजिक कार्य तथा मनोविज्ञान सम्बन्धमा तालिम प्राप्त गरी त्रियुगा नगरपालिकामा बालबालिकालाई सेवा दिने उद्देश्यले सूचिकृत व्यक्ति एवम् सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचिकृत संस्थालाई समेत सम्झनु पर्छ।

(ध) "बाल अधिकार समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० बमोजिम त्रियुगा नगरपालिकामा गठित बाल अधिकार समिति सम्झनु पर्छ।

(न) "संस्था" भन्नाले बाल अधिकार संरक्षण र संवर्द्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेको संघ/संस्था, संगठन तथा सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ।

बसन्त कुमार बस्नेत
नगर प्रमुख

मिति: २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)

(प) "सेवा प्रदायक निकाय" भन्नाले त्रियुगा नगरपालिकामा सेवा प्रवाह गरिरहेको सरकारी कार्यालय, विषयगत शाखा, स्वास्थ्य संस्था, ईलाका प्रहरी कार्यालय, विद्यालय, स्रोत केन्द्र तथा अन्य निकायहरूलाई सम्झनु पर्छ।

## परिच्छेद २

## उद्देश्य तथा सिद्धान्त

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेकाछन्-

(क) नेपालको संविधानमा उल्लेखित वालबालिकाको अधिकार तथा वालबालिका सम्बन्धी संघीय ऐन, प्रदेश ऐन एवम् त्रियुगा नगरपालिकामा बालवालिकाको अधिकार संरक्षण तथा सम्वर्द्धन गर्ने ।

(ख) त्रियुगा नगरपालिकामा वालमैत्री शासन, बालमैत्री संरचना, बालमैत्री प्रक्रियाको अवलम्वन तथा प्रवर्द्धन गर्ने।

(ग) वालबालिकामाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त्यका लागि वहुपक्षीय संमन्वय तथा सहकार्य स्थापित गर्ने।

(घ) वालमैत्री स्थानीय शासन र विद्यालय शान्ति क्षेत्र अभियान प्रवर्द्धन गर्ने ।

(ङ) वालबालिकासँग सरोकार राख्ने स्थानीय विकासका हरेक प्रक्रियामा वालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

(च) बालवालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्यांङ्क, जन्मदर्ता) व्यवस्थापन गर्ने ।

४. आधारभुत सिद्धान्तः वालवालिकाको मुलभुत मानवअधिकार तथा संरक्षणका लागि देहायका सिद्धान्तहरुलाई अवलम्वन गरिनेछः-

(क) मर्यादापूर्ण जीवनको सम्मानः वालबालिकालाई स्वतन्त्र व्यक्तिको हैसियतको प्रतिष्ठा मर्यादामा आघात नपर्ने गरी व्यवहार गर्ने र तिनको स्वतन्त्र पहिचानलाई तिनका बावुआमा, संरक्षक वा माथवर व्यक्तिको व्यक्तित्वसँग अन्तरभूत विषयको रुपमा व्यवहार नगर्ने।

(ख) सर्वाङ्गीण विकासको सुनिश्चितताः प्रत्येक बालवालिकामा रहेका प्रतिभा, क्षमता र सम्भाव्यताको पूर्ण प्रस्फुटन हुन पाउने अवसर उपलब्ध गराउँदै तिनको विकासको अधिकारलाई प्रचलनमा ल्याउन हरसम्भव प्रयास गर्ने।

(ग) सहभागिता र अभिमतको सम्मानः बालबालिकासँग सम्वन्धित विषयहरुमा गरिने कुनै पनि कार्यक्रम वा क्रियाकलापममा मूलतःआवश्यकताको पहिचान, योजना तथा कार्यक्रम तर्जुमा, अनुगमन, मूल्याङ्कन लगायतका कार्यक्रममा वालवालिकाको सहभागितालाई प्रोत्साहन गरी उनीहरुका भावना, अभिमत र विचार प्रकट गर्ने अवसर दिई सोको सम्मान गर्ने।

मिति: २०७९/०९/२९
(दशौं नगर सभावाट पारित)



वसन्त कुमार वस्नेत
नगर प्रमुख

नगर प्रमुख

(घ) संरक्षणको सुनिश्चितताः प्रत्येक बालबालिकालाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, सामाजिक, शारीरिक तथा यौनशोषण, भेदभाव, मनोवैज्ञानिक, बौद्धिक तथा भावनात्मक दुर्व्यवहारबाट जोगाई संरक्षण सुनिश्चितता गर्ने।

(ङ) निर्विभेदताः प्रत्येक बालबालिकालाई निज वा निजका आमाबाबु वा संरक्षकको वर्ण, जातजाति, लिङ्ग, यौनिकता, भाषा, धर्म, उत्पत्ति, वैचारिक आस्था, क्षेत्र, सम्पत्ति, फरक क्षमता वा अपाङ्गता, जन्म वा यस्ता अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने र भेदभावरहीत रुपमा तिनको उमेर सुहाउँदो व्यवहार गर्ने।

(च) बालबालिकाको सर्वोत्तम हितः बालबालिकासँग सम्बन्धित कुनै निर्णय गर्नुपर्दा उसको सर्वोत्तम हितलाई प्राथमिकता दिने।

(छ) गोपनियता कायम गरिनेः बालबालिको भावी जीवनमा असर पर्ने कुनै पनि घटनामा बालबालिकाको नामसहित व्याक्तिगत पहिचान सम्बन्धी विवरणमा सम्बन्धित बालबालिका, निजका बाबुआमा, परिवारका सदस्य वा संरक्षक र कानून बमोजिम अख्तियारप्राप्त अधिकारीबाहेक अन्यको पहुँचमा गोपनियता कायम गरिनेछ। तर, व्यक्तिगत पहिचान नखुल्ने बालबालिकाको एकिकृत तथ्याङ्कको रुपमा बालबालिका सम्वन्धी विविधीकृत तथ्याङ्क सरोकारवालालाई नगरपालिकाबाट प्राप्त हुनेछ।

## परिच्छेद-३

## बाल अधिकारको संरक्षण, प्रचलन तथा संवर्द्धन गर्ने र दायित्व निर्वाहको व्यवस्था

४. बाल अधिकारको संरक्षण गर्नुपर्नेः त्रियुगा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाका अधिकारहरुको संरक्षण प्रचलन तथा संवर्द्धनका लागि बालवालिका सम्वन्धी ऐन, २०७५ को दफा ६४ र ६५ वमोजिम बालबालिकाप्रतिको दायित्व निर्वाह गर्न यस कार्यविधिको दफा १७, १८ र १९ एवम् बालवालिकाको कर्तव्य परिपालनका लागि बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ७७ बमोजिम गर्न गराउन सक्नेछ।

५. बाल अधिकारको संरक्षण र सम्वर्द्धनमा आवश्यक सेवाप्रवाहको व्यवस्था गर्नुपर्नेः

(क) त्रियुगा नगरपालिका भित्रका सवै किसिमका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त उपायहरु अपनाईनेछ।

(ख) गर्भवती, सुत्केरी, नवजात शिशु, शिशु र बालवालिकाका लागि आवश्यक सवै किसिमका खोपहरु, स्वास्थ्य सेवा, पोषणसँग सम्वन्धित सवै किसिमका सेवासुविधा र प्रवाह प्रभावकारी र बालमैत्री

बसन्त कुमार बस्नेत
नगर प्रमुख

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



CamScanner

भए नभएको पटके वा आवधिक अनुगमन गर्ने गराउने कार्यहरु गरी कानून र नीति बमोजिम वालबालिकाको आधारभूत स्वास्थ्य सेवा पाउने अधिकार सुनिश्चित गर्ने व्यवस्था गर्नेछ।

(ग) नगरपालिका भित्र सञ्चालनमा रहेका निजी स्वास्थ्य संस्थाहरुलाई वालबालिकाको स्वास्थ्य उपचारमा सहुलियतको व्यवस्थाका लागि पहल गर्नेछ।

(घ) प्रत्येक विद्यालयमा वालमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेरावेरा सहित), कुनै पनि किसिमका वालबालिकाको विरुद्ध विभेद, अवहेलना, हेपाई, हिंसा, दुर्व्यवहारजस्ता कार्यहरु निषेध, पत्रुखाना निषेध, शैक्षिक गतिविधि बाहेकका क्रियाकलाप गर्न निषेध, शैक्षिक गतिविधि बाहेकका क्रियाकलाप गर्न निषेध लगायतका लैङ्गिकमैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाई, महिनावारी प्याड तथा प्रारम्भिक उपचार बाकस, नियमित र बालमैत्री पठनपाठन, खेल मैदान र सबै किसिमका विधार्थीमैत्री खेलकुद र सामानको व्यवस्था गर्ने गराउनेछ।

(ङ) नगरपालिका भित्रका सबै किसिमका वालबालिकालाई प्रारम्भिक वालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गर्ने गराईनेछ।

(च) प्रत्येक विद्यालयमा विधार्थीलाई प्रदान गरिने विविध किसिमका छात्रवृत्तिहरुको यथोचित वितरण र सोको अनुगमन गरिनेछ।

(छ) नगरपालिका र वडामा एक बाल पुस्तकालय, बाल सिर्जना केन्द्र र खेलकुद स्थान वा मैदानको व्यवस्था गरिनेछ।

(ज) कुनैपनि विद्यालयको २०० मिटरको दुरिभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामाग्री विक्री वितरण र उपभोग गर्न तथा चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसँग सम्वन्धित सामाग्री प्रचारप्रसार गर्न लगायत १८ वर्षभन्दा कम उमेरका बालवालिकालाई उक्त सामाग्रीको वितरण तथा प्रयोग गर्न निषेध गरिनेछ।

(झ) प्रत्येक विद्यालयमा विधार्थी, शिक्षक लगायत अन्य सरोकारवालाका लागि आचारसंहिता बनाई सहज देखिने गरी राखे र सो वमोजिम लागू गरिनेछ।

वसन्त कुमार वस्नेत
नगर प्रमुख

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)

(ञ) बालबालिका विरुद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा, दुर्व्यवहार, हेपाई, अपहेलना लगायत बालविवाह, बालश्रमका घटनाहरु रोकथाम र अन्त्य गर्न, बाबुआमाविहीन र जोखिम अवस्थामा परेका (आधारभूत अधिकारबाट बञ्चित, एड्सबाट संक्रमित र प्रभावित आदि) बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कार्वाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने अनिवार्य व्यवस्थाको लागि नगरपालिकाले सहजीकरण गर्नेछ।

(ट) नगरपालिकाको जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा बालअधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ।

(ठ) नगरपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियामा बाल सहभागितालाई प्रोत्साहन गरी उक्त योजनामा बालबालिकासँग सम्वन्धित कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरिनेछ।

(ड) जोखिममा रहेका बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाईन नं.१०९८ तथा हराएका, वेवारिसे फेला परेका बालबालिकाको सकुशल उद्धार तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास समन्वय केन्द्र नं.१०४ सँग संमन्वय तथा सहकार्य गरिनेछ।

(ढ) बालबालिकालाई लिङ्ग, जातजाति, रङ्ग, पारिवारिक हैसियत तथा शारीरिक र यौनिक अवस्थाका आधारमा हुने भेदभावको अन्त्य गरिनेछ।

(ण) नगरपालिकाभित्रका सबै किसिमका बालबालिकाको जनसांख्यिक, जातजाति, लैङ्गिक, अपाङ्गता, शैक्षिक, छात्रवृत्ति, सामाजिक सुरक्षा सहयोग, बाबुआमा विहिन, जोखिम अवस्थामा परेका, स्वास्थ्य र पोषण, एचआइभी प्रभावित लगायतको स्थितिबारे खण्डिकृत सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ।

(त) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वय कार्यविधि, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बमोजिम बालमैत्री स्थानीय तह घोषणा गरिनेछ।

बसन्त कुमार बस्नेत
नगर प्रमुख

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)

६. **बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्नेः** नगरपालिकाको प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ।

७. **बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितताः** बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने नगरपालिका भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघसंस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनु र आवधिक अनुगमन गर्नु पर्नेछ।

८. **बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्धः** (१) त्रियुगा नगरपालिकाको आफ्नो भौगोलिक क्षेत्रमा फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकामध्ये बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएमा उक्त बालबालिकालाई संरक्षण गर्ने प्रयोजनका लागि सोही ऐनको दफा ४९(२) को खण्ड (क), (ख) र (ग) बमोजिम वैकल्पिक हेरचाहको स्थापना तथा प्रवर्धनलाई प्राथमिकता दिनेछ। तर, यस बमोजिमं वैकल्पिक हेरचाहको व्यवस्था हुन नसकेमा खण्ड (घ) को प्रयोजनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५२ बमोजिम नगरपालिकाले बालगृह स्थापना तथा संञ्चालन गर्न सक्नेछ। तर, यस्तो व्यावस्था समेत हुन नसक्ने अवस्था भएमा हाल त्रियुगा नगरपालिका तहभित्र वा नजिकको पालिकामा वा प्रदेशमा सञ्चालनमा रहेका बालगृहमा अल्पकालिन संरक्षणका लागि सिफारिस गर्न सक्नेछ।

(२) नगरपालिका भित्र सञ्चालन हुने बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५२ बमोजिम संञ्चालन गरिने बालगृहको अनुगमन नगरपालिकाले गर्नेछ। बालगृहले पालना गर्नुपर्ने न्यूनतम मापदण्ड (नमुना) अनुसूची १ बमोजिम हुनेछ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

## परिच्छेद ४

## बाल सहभागिता तथा बालक्लब सञ्चालन

९. **बाल सहभागिताको अभ्यासः** (१) त्रियुगा नगरपालिकाले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्था लगायतबाट आफ्ना कार्यहरु सम्पादनको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्धन गर्ने व्यवस्था गर्नेछ। यसैगरी, नगरपालिकाको आवधिक र वार्षिक योजना तर्जुमा बालबालिकासँग सम्वन्धित कार्यक्रमहरुमा र बालबालिका संग्लन हुने विद्यालय लगायत सार्वजनिक निर्माण कार्यहरुमा सवै किसिमका बालबालिकाको (बालक, बालिका, सवै किसिमका अपाङ्गता, यौनिक अल्पसंख्यक आदि) सहभागितालाई प्रवर्धन गर्नेछ।

(२) बाल सहभागिता प्रवर्धनका लागि त्रियुगा नगरपालिकाले देहायका उपायहरु समेत अवलम्वन गर्नेछः-

(क) बालबालिकासँग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध गरेको बाहेक माग गरेका सूचना निःशुल्क प्रदान गरिनेछ।

(ख) नगरपालिका भित्रका विद्यालयहरुबीच तथा वडाहरुवीच अतिरिक्त क्रियाकलापहरु (खेलकुद, साहित्य, गीत, सङ्गीत, वक्तृत्वकला, चित्रकला आदि) विविध किसिमका अपाङ्गता भएका बालबालिका समेतलाई उपयुक्त हुनेगरी नगरपालिका स्तरमा प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजना गरी बाल सहभागितालाई प्रोत्साहन गरिनेछ।

(ग) बालक्लव, बाल संस्था तथा बालक्लब सञ्जाल दर्ता वा नविकरणको लागि रीतपूर्वक परेका निवेदनका आधारमा दर्ता गरी दर्ताको प्रमाणपत्र निःशुल्क उपलब्ध गराउनेछ।

(घ) आवधिक रुपमा अद्यावधिक गरिएको बालक्लब सम्बन्धी तथ्याङ्क तथा सूचनाको विबरण नगर बाल अधिकार समिति, प्रदेश बाल अधिकार समिति, राष्ट्रिय बाल अधिकार परिषदमा पठाउनेछ।

(३) नगरपालिकाले बालसहभागिता प्रवर्धनका लागि व्यक्ति, संस्था वा सार्वजनिक निकायले देहायका कार्यहरु गर्नमा रोक लगाउनेछः-

बसन्त कुमार बस्नेत
नगर प्रमुख

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



CamScanner

(क) बालबालिकाको अध्ययनमा नियमित रुपमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागी गराइने छैन।

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुऱ्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संग्लन गराउने कार्यमा रोक लगाउनेछ।,

(ग) बालबालिकालाई आमाबाबु, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले बालबालिकाको हित विपरित ऱ्याली, जुलुस, सभा आदिमा सहभागी गराउने कार्यलाई निरुत्साहित गरिनेछ।

(घ) विद्यालय लगायत सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका वा बालक्लव वा संस्था वा तिनको सञ्जाल मार्फत गर्नुपर्ने कार्यलाई निरुत्साहित गरिनेछ।

(ङ) परम्परागत हानिकारक अभ्यास गर्न वा सो अभ्यासमा सहभागी गराउने कार्यलाई निषेध गरिनेछ।

<u>१०. बालक्लब वा संस्था दर्ता तथा नविकरणः</u> (१) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० को उपदफा (१) अनुसार प्रत्येक बालबालिकालाई आफ्नो हक, हित र अधिकारको संरक्षण तथा प्रवर्धनका लागि बालक्लब वा संस्था खोल्ने अधिकार सुनिश्चित गरिएको छ। बालबालिकाले बाल अधिकार संरक्षण र प्रवर्धनका लागि बालक्लब वा संस्था दर्ता गर्न चाहेमा त्रियुगा नगरपालिकामा देहायका विवरण सहित अनुसूची २ बमोजिम निवेदन दिनु पर्नेछ।

(क) बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,

(ख) बालक्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

(ग) बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरुको विवरण तथा निर्वाचन हुने प्रक्रिया र अवधि।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



वसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

(२) उपदफा (१) बमोजिम निवेदन आएमा त्रियुगा नगरपालिकाले बालक्लब वा संस्थाको अनुसूची ३ बमोजिम सूचिकरण/दर्ता अभिलेख राखी अनुसूची ४ बमोजिमको प्रमाणपत्र दिनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको बालक्लब वा संस्थाले प्रत्येक वर्ष नगरपालिकामा देहायको विवरण खुलाई अनुसूची ५ बमोजिमको नविकरणको लागि निवेदन दिन सक्नेछन्:-

(क) वर्षभरी आफूले गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण ।

(ख) सदस्यहरु तथा कार्य समितिमा रहेका पदहरुको विवरण।

(४) उपदफा (३) बमोजिम निवेदन आएमा नगरपालिकाले अनुसूची ६ बमोजिको नविकरण दर्ता अभिलेख राखी बालक्लब वा संस्थाको नविकरण गरिदिनेछ।

(५) बालक्लब वा संस्था दर्ता र नविकरण गरे बापत कुनै शुल्क लिईने छैन।

(६) प्रत्येक बालक्लब तथा संस्थाले प्रत्येक वर्ष सम्पादन गरेका कार्यहरुको संक्षिप्त जानकारी प्रत्येक वर्षको फागुन महिनाको मसान्तसम्म नगरपालिका तथा नगर बाल अधिकार समितिमा पठाउनु पर्नेछ।

(७) नगर बाल अधिकार समितिले बालक्लब एवम् संस्थाको वार्षिक जानकारीको संक्षिप्त विवरण प्रत्येक वर्षको वैशाख महिनाको मसान्तसम्म प्रदेश बाल अधिकार समितिमा पठाउनु पर्नेछ।

(८) बालक्लब वा संस्थाले तीन वर्षसम्म नगरपालिकामा नविकरण नगरेमा उक्त बालक्लब वा संस्था स्वत:खारेज हुनेछ।

__११. बालक्लब सञ्जाल दर्ता तथा नविकरण:__ (१) नगरपालिकामा दर्ता भएका बालक्लब वा संस्थाहरुले नगर स्तरिय बाल सञ्जाल दर्ता गर्न चाहेमा देहायका विवरण सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ:-

(क) बालक्लब वा संस्थाहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) बालक्लब वा संस्थाहरुले सञ्जालहरुले सञ्जालको रुपमा दर्ता गर्ने सामूहिक निर्णयको प्रतिलिपि,

मिति: २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

(ग) बालक्लब वा संस्थाहरुको सञ्जालनको उद्देश्य र मुख्य क्रियाकलापहरु,

(घ) बालक्लब वा संस्थाको सञ्जालमा प्रत्येक बालक्लब वा संस्थाबाट समानुपातिक प्रतिनिधित्वको विधि,

(ङ) सञ्जालको सदस्य तथा कार्य समितिमा रहने पदाधिकारीको विवरण।

(२) नगरपालिकामा दर्ता भएका बालक्लब वा संस्थाहरुले उपदफा(१) बमोजिम बाल सञ्जाल स्थापना गर्न निवेदन दिएमा नगरपालिकाले सञ्जालको दर्ता गरी प्रमाणपत्र दिनेछ।

(३) नगरपालिकामा दर्ता भएका बाल सञ्जालले आफूले गरेको कामको संक्षिप्त विवरण, सदस्यहरुको विवरण समेत खुलाई प्रत्येक दुई वर्षमा नगरपालिकामा नविकरणको लागि निवेदन दिनुपर्दछ।

(४) उपदफा (३) बमोजिमको निवेदन आएमा नगरपालिकाले बाल सञ्जालको नविकरण गरिदिनेछ।

(५) नगरपालिकाले बाल सञ्जाललाई व्यवस्थित गर्न नगरपालिका बाल अधिकार समितिको सिफारिसमा वडा वा नगरपालिका स्तरमा बाल सञ्जाल निर्माण गरी व्यवस्थापन गर्न सक्नेछ।

(६) बाल सञ्जाल दर्ता र नविकरण गरे वापत कुनै शुल्क लिईने छैन।

(७) बाल सञ्जालले ५ वर्षसम्म उक्त सञ्जालको नविकरण नगरेमा स्वतः खारेज हुनेछ।

<u>१२. बालक्लबको काम, कर्तव्य र अधिकारः</u> (१) बालक्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बालक्लबमा आवद्ध सदस्य सहित १८ वर्षमुनिका सबै बालबालिकाको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने,

(ख) बालवालिका, अभिभावक र परिवारका अन्य सदस्यहरुलाई बाल अधिकारको बारेमा सचेत गर्ने, गराउने।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

CamScanner

(ग) सिकाई प्रक्रियामा वाल सहभागिता अभिवृद्धि गर्दै वालवालिकामा अन्तरनिहीत प्रतिभाको प्रस्फुटन गर्ने गराउने।

(घ) बालबालिकालाई जीवनउपयोगी सीपको बारेमा जानकारी गराउने,

(ङ) वालक्लवलाई वालवालिकामा रचनात्मक र नविन कौशल विकास गर्ने एक साझा स्थलको रुपमा स्थापित गराउने,

(च) बालबालिकाको कक्षा कोठाको सिकाईलाई वास्तविक जीवनमा रुपान्तरण गर्न सक्ने साधनको रूपमा बालक्लवलाई परिचित गराउने,

(छ) स्वास्थ्य, सरसफाई र वातावरणका क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरु सञ्चालन गर्ने,

(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न नगरभित्र विभिन्न कार्यक्रमहरु आयोजना गर्ने,

(झ) कला, साहित्य, सामाजिक सद्भभाव, मातृभाषा, संस्कृति र शिक्षाको संरक्षणका लागि आवाज उठाउन र सामाजिक कुरीति तथा बाल अधिकार उल्लंघनको घटनाहरुको विरुद्ध रचनात्मक आवाज उठाउने,

(ञ) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिका विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्वन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने,

(ट) नगरपालिका भित्र तथा नगरका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतनामुलक कार्यमा सक्रिय सहभागिता जनाउने,

(ठ) बालमैत्री स्थानीय शासन अभियानमा नगरपालिका तथा वडालाई निरन्तर सहयोग गर्ने,

(ड) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा नगरपालिका तथा वडा तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने,

(२) उपदफा (१) मा जेसुकै उल्लेख भएतापनि बालक्लब, बाल संस्था तथा बाल सञ्जालले देहाय बमोजिमका कार्यहरु गर्न गराउन निषेध गरिएको छः-



मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)

बसन्त कुमार बस्नेत
नगर प्रमुख
नगर प्रमुख

CamScanner

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनको पक्षपोषण वा विरोध गर्न,

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुऱ्याउन,

(ग) समुदायका निश्चित जातजाति धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्न,

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित वालबालिकाको गोपनियता भंग हुने र पहिचान खुल्ने गतिविधिहरु गर्न,

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय, वालगृह वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरुमा सहभागी हुन, तर, प्रतिस्पर्धा, आवासीय तालिम वा आयोजकहरुले उचित सुरक्षा प्रवन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ।

(च) उचित सुरक्षाको प्रवन्ध र आवश्यक पूर्व अनुमति बेगर जिउ ज्यानमा खतरा पुग्ने शाहसिक खेलहरु खेल्न खेलाउन,

(छ) वाल समुह कोष निर्माण वा आय आर्जनका लागि वालश्रम तथा कुनै पनि ब्यापार, ब्यवसाय गर्न,

(ज) सिंगो परियोजना सञ्चालन गर्न वा ठूला र लामो समयका गतिविधिहरु सञ्चालन गर्न,

(झ) आर्थिक जिम्मेवारी लिई कार्यहरु गर्न,

(ञ) सामाजिक रुपमा अस्वीकार्य तथा नकरात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु गर्न गराउन,

(ट) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकरात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्शाई नगर वाल अधिकार समितिको परामर्शमा सुरक्षा निकाय वा नगरपालिका वा विद्यालयले रोक लगाएका कार्यहरु गर्न गराउन।

<u>१३. बाल सञ्जालको काम, कर्तव्य र अधिकारः</u> (१) बालक्लब तथा बालसञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

बसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)

(क) आफ्नो क्षेत्रभित्रका बालक्लबहरुको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने।

(ख) आवद्ध बालक्लवहरुको गतिविधि सञ्चालन गर्न सञ्जाललाई वडा, नगरपालिका तथा अन्य सहयोगी संस्थाहरुबाट प्राप्त आर्थिक सहयोग उपलब्ध गराउने।

(ग) बालक्लवहरुले सञ्चालन गरेका कार्यक्रमहरुमा अतिथिको रुपमा उपस्थित भई बालक्लबका अन्य साथीहरुलाई हौसला प्रदान गर्ने। तर, यस्ता किसिमका गतिविधिहरु सञ्चालन गर्दा आफ्ना तथा अन्य साथीहरुको पढाईलाई असर नपर्ने गरी विदा तथा फुर्सदको दिनमा कार्यक्रम गर्न उत्प्रेरित गर्ने।

(घ) बाल अधिकारसँग सम्वन्धित विशेष अभियान तथा कार्यहरु बालक्लबहरु मार्फत प्रभावकारी रुपले सम्पन्न गर्न विभिन्न उपसमितिहरुको गठन गरी सञ्जालका पदाधिकारीहरुका बीचमा कार्यविभाजन गरी काम गर्न सकरात्मक वातावरण बनाउने।

(ङ) नगरपालिकाले स्थानीय स्तरमा बालबालिकाको अधिकारसँग सम्वन्धित योजना तर्जुमा कार्यान्वयन र मूल्याङ्कनका सम्पूर्ण चरणहरुमा सञ्जालबाट प्रतिनिधित्वको माग गर्नुका साथै अन्य वालक्लबहरुको तर्फबाट आएको योजना तथा सुझावहरु समेतलाई ख्याल गर्दै अन्य वालक्लवहरुको तर्फबाट सक्रिय सहभागिता जनाउने।

(च) स्थानीय स्तरमा वालवालिकामाथि हुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, हेपाई, सामाजिक कुरीति र विभेद जस्ता बाल अधिकार हननका घटनाविरुद्ध बालक्लबको तर्फबाट आवश्यक पहल र पैरवी गर्ने साथै यस्ता किसिमका घटनाका विरुद्ध सम्बन्धित सरोकारवाला पक्षहरुको ध्यान आकृष्ट गराउने, सहकार्य र समन्वय गर्ने।

(छ) बालक्लवहरुले आयोजना गर्ने कार्यक्रमका लागि आवश्यक स्रोतहरुको खोजी गरी सञ्जालले सहयोग माग गर्ने तथा कार्यक्रम सम्पन्न गर्न अन्य निकायहरुसँग समन्वय गर्ने ।

(ज) आफ्नो कार्यक्षेत्रमा सञ्चालनमा भएका विद्यालय भर्ना, जन्मदर्ता, वालविवाह निषेध, वालमैत्री वातावरण, खुला दिसामुक्त क्षेत्र, वालमैत्री स्थानीय शासन, विद्यालयमा भयरहित शिक्षण सिकाईको

सम्वन्धमा वालवालिका सँगसँगै गर्ने अभियानहरुमा बालसञ्जालको तर्फवाट सक्रिय सहभागिता जनाउने।

(झ) वालक्लव तथा बालअधिकारको क्षेत्रमा कार्यरत अन्य संघसस्था तथा सरोकारवालाहरु वीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने।

(ञ) आफ्नो क्षेत्रभित्र रहेका वालक्लवहरुले सम्पन्न गरेका क्रियाकलापहरुको संक्षिप्त प्रतिवेदन माग गर्ने तथा सोको अभिलेख राख्ने तथा नगरपालिका र नगर वाल अधिकार समितिमा पेश गर्ने ।

(ट) वालक्लवहरु वीच आपसी समन्वय, सहकार्य वढाउने तथा सवालहरुको सामूहिकीकरण गर्ने र एक आपसवाट सिकाईका अवसर सिर्जना गर्ने।

<u>१४. वालवालिकाको संस्था वा सञ्जालको कर्तव्य तथा दायित्व:</u> (१) वालक्लव, वाल संस्था वा वाल सञ्जालका सवै उमेर, लिङ्ग, जातजाति, अपाङ्गता लगायत स्थानीय समाजको विविधतालाई प्रतिविम्व गर्ने समावेशी हुनुपर्नेछ।

तर, यस व्यवस्थाले वालिकाहरु मात्र सदस्य रहन सक्ने गरी विशिष्टीकृत वालक्लव वा संस्था सञ्चालन गर्न रोक लगाएको मानिने छैन।

(२) वालक्लव, संस्था वा सञ्जालको सदस्यता विधानमा तोकिएको प्रक्रिया वमोजिम योग्य बालबालिका वा निजको संस्थाले सदस्यता लिन पाउने गरी खुल्ला गर्नु पर्नेछ।

(३) वालक्लव, संस्था वा सञ्जालको नेतृत्व वा समिति वा उपसमितिहरुका पदमा निरन्तर नवसी अरु वालवालिकालाई नेतृत्वको अवसर प्रदान गर्नुपर्दछ।

(४) वालक्लव, संस्था वा सञ्जालका पदाधिकारीहरुले दुई कार्यकाल भन्दा वढि पदमा निरन्तर नवसी क्रमश:अर्का वालवालिकालाई नेतृत्वको अवसर प्रदान गर्नुपर्दछ।

(५) वालक्लव, संस्था वा सञ्जालको सदस्यता लिन वा सञ्जालमा प्रतिनिधित्व गर्न कुनै वालक वा वालिकालाई वाध्य पार्न हुँदैन।

मिति: २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



वसन्त कुमार वस्नेत
नगर प्रमुख

नगर प्रमुख

CamScanner

(६) वालक्लव, संस्था वा सञ्जालले आफ्ना क्लव, संस्था वा सञ्जालका सदस्यहरुको हित हुने र दीर्घकालसम्म फाइदा पुग्ने कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

(७) वालक्लव, संस्था वा सञ्जालले दलीय राजनीतिक कार्यक्रममा सहभागी हुने वा त्यसको समर्थन र विरोध गर्ने कार्यक्रम सञ्चालन गर्नुहुदैन। तर, राजनीतिक विचारधारा र दृष्टिकोणका विषयमा वहस र छलफल सञ्चालन गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन।

१५. बालक्लब तथा बाल सञ्जालको नगरस्तरिय भेलाः (१) सार्वजनिक निकाय वा संस्थाले वालवालिकाको सुरक्षा र संरक्षणको सुनिश्चितता गरी बालक्लव वा संस्था र बाल सञ्जालको वडा, नगर स्तरको भेला आयोजना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको भेलाका आयोजकले सहभागी हुने प्रत्येक बालवालिका, बालबालिकाको आमाबाबु, संरक्षक वा माथवरसँग अनुमति लिई लिखित मञ्जुरीनामामा हस्ताक्षर गराउनु पर्दछ।

(३) उपदफा (१) बमोजिमको भेला आयोजना गर्दा वालवालिकाले राती बास बस्ने गरी जानुपर्ने भएमा वालवालिकालाई परिवार वा संरक्षकको जिम्मा लगाई पठाउनु पर्नेछ। तर, बालिकाको हकमा महिलाको साथ लगाई पठाउनु पर्नेछ।

<u>१६. बालक्लब वा संस्था र बाल सञ्जालको आर्थिक दायित्वः</u> (१) बालक्लब वा संस्था र बाल सञ्जालले कुनै पनि किसिमको आर्थिक कारोबार गर्नु हुँदैन र अन्य कुनै व्यक्ति वा संस्थाले बालक्लब वा संस्था र बाल सञ्जाललाई आर्थिक दायित्व दिन हुँदैन।

(२) बालक्लब वा संस्था र बाल सञ्जालसँग सहकार्य गर्दा सहकार्य गर्ने संस्थाले आर्थिक दायित्व सञ्चालन गर्न कुनै व्यक्ति वा संस्थालाई जिम्मेवारी दिन सक्नेछन्।

(३) बालक्लब वा संस्था र बाल सञ्जालले आफ्नो संस्थाको आर्थिक दायित्व सञ्चालन गर्न कुनै व्यक्ति वा संस्थालाई जिम्मेवारी दिन सक्नेछन्। यसरी जिम्मेवारी पाएको संस्थाले प्रचलित कानून बमोजिम सामाजिक संस्थाले राखे लेखा प्रणाली वमोजिम संस्थाको लेखा राख्नु पर्नेछ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

**१७. बालक्लब वा संस्था र बाल सञ्जाललाई व्यवस्थित गर्नुपर्नेः** (१) त्रियुगा नगरपालिकाले नगरपालिकामा दर्ता भएका बालक्लब, संस्था वा बाल सञ्जालको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) नगर बाल अधिकार समितिले बालक्लब वा संस्था र बाल सञ्जालका उपलब्धीहरुको प्रकाशन र प्रसारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद-५

## नगर बाल अधिकार समिति सम्बन्धी व्यवस्था

**१८. नगर बाल अधिकार समितिको गठनः** (१) त्रियुगा नगरपालिका बाल अधिकार समितिमा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने गरी नगर बाल अधिकार समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | नगर उपप्रमुख/उपप्रमुखले तोकेको कार्यपालिका सदस्य-१ | अध्यक्ष |
| (ख) | नगरपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य, माध्यमिक विद्यालयका प्रधानध्यापक मध्ये १ जना, फोकल शिक्षक मध्ये १ जना सूचिकृत समाजसेवी वा सामाजिक कार्यकर्ता, बालमनोविज्ञ, चिकित्सक वा स्टाफ नर्समध्ये १ जना गरी जम्मा ६ जना | सदस्य |
| (ग) | नगरपालिकाको सामाजिक, महिला, बालबालिका शाखा प्रमुख, शिक्षा शाखा प्रमुख र स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख गरी ५ जना | सदस्य |
| (घ) | नगर बाल सञ्जालले तोकेको बालिका १ जना सहित गरी जम्मा २ जना | सदस्य |
| (ङ) | प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको म.बा.सेलको कर्मचारी | सदस्य |
| (च) | बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा, कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट पालिकाले मनोनयन गरेका कम्तिमा १ जना महिला सहित २ जना | सदस्य |
| (छ) | बाल कल्याण अधिकारी | सदस्य सचिव |

(२) उपदफा(१) को खण्ड (ख) र (च) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

CamScanner

**१९. नगर बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) नगर बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगर कार्यपालिकालाई सुझाव दिने,

(ग) नगरपालिकाद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) नगरपालिका भित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनस्थार्पना, संरक्षण र व्यवस्थापनमा समन्वय सहयोग र सहजीकरण गर्ने,

(ङ) नगर भित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री वडा तथा स्थानीय तह घोषणाको नेतृत्व लिने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने, गराउने,

(ज) नगरपालिकामा एक आर्थिक वर्षमा बालबालिका सम्बन्धी भए/गरेका कार्यहरु र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी नगर स्तरीय वार्षिक प्रतिवेदनको कार्य नगरपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेवसाईटमा राख्ने, समिति तथा नगरपालिकामा सुरक्षित राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालिम दिन तथा क्षमता अभिवृद्धि गर्न संमन्वय र सहयोग गर्ने,

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

(ट) नगरपालिका मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,

(ड) नगरपालिकामा बालबालिका खोजतलास नं.१०४ तथा बाल हेल्पलाईन नं.१०९८ (दश-नौ-आठ) नेपाल सञ्चालन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ढ) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचिकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,

(ण) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियक्त गर्न नगरपालिका र अदालतलाई सहयोग गर्ने,

(त) ऐन, प्रचलित कानून तथा मापदण्ड वमोजिम सञ्चालन हुन नसकेका बालगृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन सहित मन्त्रालयमा सिफारिस गर्ने,

(थ) नगर भित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शितलहर र आगो जस्ता प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र ईन्फ्लूञ्जा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(द) नगर भित्र सञ्चालित बाल गृह, अस्थायी संरक्षण तथा सेवा केन्द्र, पुनर्स्थापना केन्द्र लगायतका आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरिक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरुको समेत जाँझबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने।

बसन्त कुमार बस्नेत
नगर प्रमुख

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



नगर प्रमुख

CamScanner

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रूपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

(३) बालक्लब गठन गरी बालबालिकालाई खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संग्लन गराईएको छ वा छैन,

(४) बालबालिकालाई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

(६) बाल गृहमा आश्रित बालबालिका वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अधिकारबाट व्यवस्था मिलाइ राखिएको छ वा छैन,

(७) व्यवस्थापन पक्ष तथा बालबालिका सम्बन्धी ऐन, प्रचलित कानून वा मापदण्डको पालना गर्नुपर्ने कुराहरु पालन गरेको छ वा छैन,

(८) उपलब्ध स्रोत साधनलाई ख्याल गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(९) बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**२०. नगर बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः** बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(१) समितिको बैठक कम्तिमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

CamScanner

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूची तीन दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२१. उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः (१) समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारू रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बालक्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलिको काम, कर्तव्य र अधिकार कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे बापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि नगरपालिकाको प्रचलित नियमानुसार समितिले तोकिदिए बमोजिम हुनेछ।

२२. वडा बाल अधिकार समितिः (१) त्रियुगा नगरपालिकामा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने वडा बाल अधिकार गठन गर्न सक्नेछः-

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

| | | |
|---|---|---|
| (क) | सम्बन्धित वडाको वडा अध्यक्ष १ जना | अध्यक्ष |
| (ख) | वडाले तोकेको महिला सदस्य सहित २ जना वडा सदस्य, माध्यमिक विद्यालयका प्रधानध्यापक मध्ये १ जना, फोकल शिक्षकमध्ये १ जना, मनोविज्ञ, चिकित्सक वा स्टाफ नर्स १जना गरी ५ जना | सदस्य |
| (ग) | वडाको बालवालिका इकाई, शिक्षा इकाई र स्वास्थ्य इकाई प्रमुख ३ जना | सदस्य |
| (घ) | वडा स्तरीय बाल सञ्जालले तोकेको बालिका १ जना सहित २ जना | सदस्य |
| (ङ) | वडा प्रहरी प्रमुख वा निजले तोकेको म.बा.जे.ना.शाखाका १ जना | सदस्य |
| (च) | बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तिमा एक जना महिला सहित २ जना | सदस्य |
| (छ) | वडा सचिव | सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (ख) र (च) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (च) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पुरा भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ख) नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको।

(ङ) सम्वन्धित वडाभित्र स्थायी बसोबास भएको।

(२) उपदफा (२) मा जेसुकै लेखेको भए तापनि वडा सदस्य, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा अन्य पदेन सदस्यहरु तथा बाल सञ्जालका प्रतिनिधिहरुका हकमा उमेर, वसोबास क्षेत्र, शैक्षिक योग्यताको आधारमा सदस्य हुन अयोग्य मानिने छैन।

२३. वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः- (१) वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडाबाट प्रस्तावित हुने बालवालिका र बाल अधिकार सम्वन्धी योजना, नीति र कार्यक्रमहरुको बाल अधिकारमा आधारित सहभागितामूलक ढंगबाट निर्माण गर्ने,

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

CamScanner

(ख) वडालाई बालमैत्री बनाउने सिङ्गो प्रक्रियाको नेतृत्व लिने,

(ग) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने,

(घ) बालबालिकाको सम्बन्धमा प्राप्त उजुरीहरुको सङ्कलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने,

(ङ) बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रम गर्न गराउने,

(च) वडास्तरमा बालश्रम, बालविवाह, बेचबिखन, ओसारपसार, बालबालिका विरुद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने,

(छ) सार्वजनिक सुनुवाईका समयमा नगरपालिकाबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरुको प्रगति विवरण सार्वजनिक गर्ने,

(ज) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरुको नक्शाङ्कन गर्ने,

(झ) वडामा रहेका बालक्लव, सञ्जाल, समुहको सूची तयार गरी नगर बाल अधिकार समितिमा पेश गर्ने,

(ञ) वडामा सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरुको अनुगमन गरी नगर बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने,

२४. वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था: वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिव बोलाउनेछ,

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरुको सूची तीन दिन अगावै समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ,

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

CamScanner

## परिच्छेद ६

### बाल कल्याण अधिकारी

**२५. बाल कल्याण अधिकारीको नियुक्तिः** (१) त्रियुगा नगरपालिकाले बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६१ को उपदफा (१) बमोजिम हुने गरी एक जना बाल कल्याण अधिकारी नगरपालिकाको कर्मचारी पदपूर्ती प्रक्रिया अनुसार नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म नगरपालिकाकाले महिला तथा बालबालिका शाखा प्रमुख वा सम्वन्धित शाखाको कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त बाल कल्याण अधिकारीले नगर बाल अधिकार समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ।

**२६. बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः** बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बाल अधिकार समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वयन गर्ने वा गराउने।

(ख) नेपाल सरकार, प्रदेश सरकार र त्रियुगा नगरपालिकावाट स्वीकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न नगरपालिका र नगर बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवम् कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको वैठकमा पेश गर्ने।

(ग) नगरपालिका भित्र स्थायी तथा अस्थायी रुपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन, अद्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(घ) नगर भित्र जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसुरबाट पीडित बालवालिकाको तत्काल उद्धार, मनोसामाजिक

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

CamScanner

परामर्श, उपचार,अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी नगर बाल अधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने।

(च) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका रुपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण नगरपालिकाबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषदमा उपलब्ध गराउने।

(छ) बालबालिका विरुद्धको कसुरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने।

(ज) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ बमोजिम नगरभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रायोजनका लागि राखिएका मठ, गुरुकुल, गुम्बा, मदरसा, चर्च जस्ता अनिवार्य आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन बाल अधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने।

(झ) नगरमा भएका बाल अधिकार उल्लङ्घन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

(ञ) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने।

(ट) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने।

बसन्त कुमार बस्नेत
नगर प्रमुख

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



CamScanner

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने।

(ड) बालबालिकाको गोपनियताको हकको उल्लङ्घन नहुने गरी खण्ड (ग), (झ), (ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन नगर बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषदमा पेश गर्ने।

(ढ) नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने।

(ण) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने।

## परिच्छेद ७

## बाल मनोविज्ञ, समाजसेवी तथा सेवा प्रदायक निकाय सम्बन्धी व्यवस्था

२७. समाजसेवी तथा बाल मनोविज्ञको सूची तथा नियुक्तिः (१) नगरपालिका भित्र रही समाजसेवी तथा बालमनोविज्ञको रुपमा काम गर्न चाहने व्यक्तिले बाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सूचिकृत गर्नका निमित्त नगर बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचिसमेत संग्लन गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रुपमा काम गर्न ईच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा व्यक्तिगत विवरण सहित नगर बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गर्दा नगर बाल अधिकार समितिले तोकेको न्यूनतम योग्यता पुगेका निवेदकहरुलाई समाजसेवीका रुपमा नगर बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

CamScanner

(५) समाजसेवी छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सेवा सुविधा नगर बाल अधिकार समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने समाजसेवीको पारिश्रमिक नगरपालिकाले व्यवस्था गर्नेछ।

२८. सेवा प्रदायक निकायको नक्सांकन तथा सूचीकरणः (१) नगरपालिका भित्रको बालवालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्धनका लागि ईच्छुक सामाजिक संस्थाहरु नगर बाल अधिकार समितिमा अनिवार्य रुपमा सूचीकृत हुनु पर्दछ।

(२) उपदफा (१) बमोजिम सूचिकृत गर्नका निमित्त नगर बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संग्लन गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ।

(३) नगरपालिकाभित्र सूचिकृत हुन इच्छुक सेवा प्रदायक निकायले सूचनामा तोकिए बमोजिमका कागजात तथा संस्थागत विवरण सहित नगर बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ नगर बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरुलाई सेवा प्रदायक निकायको रुपमा नगर बाल अधिकार समितिले सूचिकृत गरी सोको सूचना प्रकाशन गर्नेछ।

(५) उपदफा (४) बमोजिम सूचिकृत भएका निकायलाई समितिले आवश्यक परेको वेलामा सम्झौता गरी सेवा प्रवाहको अवसर प्रदान गर्नेछ।

## परिच्छेद ८

## बाल कोष सञ्चालन तथा व्यवस्थापन

२९. बाल कोषः (१) विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसा पीडित बालबालिकाको सहयोगार्थ नगरपालिकामा एक बाल कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको बाल कोषमा देहाय बमोजिमको रकमहरु रहनेछनः-

(क) नगरपालिकावाट वार्षिक रुपमा विनियोजित वजेट,

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

CamScanner

(ख) संघसंस्थाबाट प्राप्त हुने सहायता,

(ग) निजी व्यवसाय तथा व्यक्तिहरुबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) नगरपालिका न्यायिक समितिबाट बालबालिका विरुद्ध हिंसाका घटनामा गरिएको जरिबाना रकम,

(ङ) बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(च) अन्य तोकिएका आम्दानी।

३०. कोष सञ्चालक समितिः (१) नगरपालिकामा बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालक समिति रहनेछः-

| | | |
|---|---|---|
| क. | नगर बाल अधिकार समितिको अध्यक्ष | संयोजक |
| ख. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. | लेखा प्रमुख | सदस्य |
| घ. | नगर बाल अधिकार समितिका सदस्य मध्ये समितिले तोकेको १ जना | सदस्य |
| ङ. | बाल कल्याण अधिकारी | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

३१. बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः बाल कोष सञ्चालक समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) तत्कालिन समयमा नगर भित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका नगर बालसंरक्षण समिति र वडा बालसंरक्षण समितिका नाममा रहेको बाल उद्धार कोषको नाममा रहेको सबै कोष रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने, गराउने ।

(ख) जोखिम अवस्थामा रहेको र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

CamScanner

(ग) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने ।

(घ) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने।

(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिईने रकमको मापदण्ड बनाई लागू गर्ने ।

(छ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने ।

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने ।

(झ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाहरुसँग समन्वय गर्ने ।

(ञ) कोष वृद्धिको लागि स्रोत खोजी गर्ने ।

(ट) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अन्य काम गर्ने वा गराउने।

**३२. बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था:** समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तिमा चौबिस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको दुई तीहाई सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको उपस्थित सदस्यहरुको आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।

मितिः २०७९/०९/२९
**(दशौं नगर सभाबाट पारित)**



वसन्त कुमार बस्नेत
नगर प्रमुख

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ।

(८) समितिको बैठक सम्बन्धीको अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नुपर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य-सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्न सक्नेछन्। तर, सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ।

३३. कोषको प्रयोग प्रयोजनः (१) बाल कोषको प्रयोग देहाय बमोजिमको प्रायोजनको लागि गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालिन अवस्थामा रहेका बालबालिकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन,

(२) बाल कोषबाट गरिने बालबालिकाको सहयोगका लागि कोष सञ्चालक समितिले तोके बमोजिमको कागजात पेश गर्नुपर्नेछ।

३४. बाल कोषको खर्चको सीमाः (१) बाल कोषको रकम देहायको अवस्थामा कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः-

(क) हिंसा पीडित बालबालिकालाई अधिकतम रु.१० हजारसम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि,

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

CamScanner

(ख) हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च अधिकतम रु.२५ हजारसम्म,

(ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षणवापत अधिकतम प्रति बालबालिका रु.५ हजारसम्म,

(घ) विशेष परिस्थितिमा बालबालिकाको संरक्षणवापत अधिकतम प्रति बालबालिका रु. ५ हजारसम्म सञ्चालक समितिको निर्धारण गरे बमोजिमको हुनेछ,

(२) बाल कोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवम् प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइने छैन,

**३५. कोषको खाता सञ्चालनः** (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतीमा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त पायक पर्ने "क"वर्गको बैंकमा वा नेपाल सरकारबाट वित्तीय कारोवार गर्ने अनुमति प्राप्त सहकारीमा खाता खोली सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको खाता सञ्चालनका लागि नगरपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

**(३६) कोषको लेखा र लेखा परीक्षणः** (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-९

## विविध

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



वसन्त कुमार बस्नेत
नगर प्रमुख

३७. स्रोतको व्यवस्थापनः नगरपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा सम्बर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ।

३८. प्रोत्साहन पुरस्कारको व्यवस्थाः बाल अधिकारको संरक्षण तथा संवर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघसस्थालाई नगरपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ ।

३९. कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकारः कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

४०. संशोधन गर्न सकिनेः यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

४१. खारेजी र बचाउः यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश नं.१ सरकारको कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछन् र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा लेखिएको कुराहरु मान्य हुनेछ।

४२. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः त्रियुगा नगरपालिकामा यो कार्यविधि लागू हुनु भन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्बन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्वर्द्धन प्रक्रियाहरु अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

CamScanner

## अनुसूची-१

(कार्यविधिको दफा ८ (२) संग सम्वन्धित)

**संचालनमा रहेका बालगृह वा बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ५२ बमोजिम स्थापना हुने बालगृहले पूरा गर्नुपर्ने न्यूनतम मापदण्ड**

(क) भौतिक पूर्वाधार र सुविधाः

१. बालगृह रहने भवन बाढी, पहिरो जस्ता प्राकृतिक जोखिम नहुने ठाउँमा हुनु पर्दछ।

२. बालगृह पर्खालसहितको सुरक्षित, सुविधाजनक, बालमैत्री एवम् अपाङगतामैत्री हुनु पर्दछ।

३. बालबालिकाको शयन कक्षमा प्रत्येक बालबालिकाका लागि कम्तीमा ३० वर्ग फिट सतह पर्ने एउटा शयन कक्षमा बढीमा ८ जना बालबालिकासम्म राख्ने खाट बढीमा दुई तल्लाको मात्र हुनेगरी मौसम अनुसारको प्रर्याप्त र सफा ओढ्ने ओछ्याउने उपलब्ध हुनु पर्दछ।

४. बालक र बालिकाको सुत्ने व्यवस्था वेग्ला वेग्लै भवन, तला वा खण्डमा हुनु पर्दछ।

५. विरामी वा ६ वर्ष मुनिका बालबालिकालाई सुरक्षा र हेरचाहका निम्ति हेरचाहकर्तालाई नजिकै सुताउने व्यावस्था हुनु पर्दछ। तर, बालबालिकाको शयन कक्षमा बालगृहका अन्य कर्मचारी सुत्नु हुँदैन।

६. बालबालिकालाई आफ्ना निजी सरसमान, शैक्षिक सामाग्री र कपडा राख्नको लागि सुरक्षित स्थान उपलब्ध गराउनु पर्दछ।

७. बालक र बालिकाका लागि (१० जना सम्मका लागि) अलग्गै सफा तथा बालमैत्री र लैङ्गिकमैत्री शौचालय र स्नानघरको व्यवस्था हुनु पर्दछ।

८. बालबालिकालाई व्याक्तिगत सरसफाईका लागि आवश्यक स्वच्छ, चिसो र तातोपानी उपलब्ध हुनु पर्दछ र फोहोरको उपयुक्त व्यवस्थापन गर्नु पर्दछ।

९. बालगृह रहेको भवनमा अनिवार्य रूपमा भान्सा, भण्डार, भोजन, शयन, अध्ययन तथा पुस्तकालय, मनोरञ्जन, मनोविमर्श तथा प्राथमिक उपचार, कार्यालय लगायत जस्ता कक्षहरुको व्यवस्था हुनु पर्दछ। उक्त कक्षहरुमा आवश्यक र उपयुक्त फर्निचर, सामान झ्याल र घाम/हावा पुग्ने हुनु पर्दछ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



वसन्त कुमार बेस्नेत
नगर प्रमुख

नगर प्रमुख

CamScanner

१०. अग्नी नियन्त्रक उपकरण (Fire Extinguisher) को व्यवस्था हुनु पर्दछ।

११. बालगृहको साईनबोर्ड सबैले देख्ने गरी राख्नु पर्दछ।

(ख) बालबालिकाको लागि आधारभुत सेवा सुविधाः

१. प्रत्येक बालबालिकालाई अनिवार्य रुपमा औपचारिक शिक्षाको प्रबन्ध गर्नु पर्दछ।

२. औपचारिक शिक्षामा समावेश हुन नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षाको प्रबन्ध गर्नु पर्दछ।

३. बालगृहमा बिहान वा बेलुका शिक्षण सिकाईको व्यवस्था गर्नु पर्दछ।

४. बालबालिकालाई नियमित स्वास्थ्य जाँच र उपचारको व्यवस्था हुनु पर्दछ।

५. सबै बालबालिकाको स्वास्थ्य बिमा गराउनु पर्नेछ। स्वास्थ्य विमामा समावेश नभएका गम्भिर प्रकृतिको स्वास्थ्य समस्या भएका बालबालिकालाई अन्य स्वास्थ्य संस्थासँग सम्झौता गरी उपचारको व्यवस्था तुरुन्त गर्नु पर्दछ।

६. बालबालिकालाई बालगृहमा भर्ना गर्ने वित्तिकै मौसम अनुसारको अनौपचारिक पोशाक, विद्यालय जाने बालबालिकाको लागि मौसम अनुसारको कम्तीमा दुईजोर विद्यालय पोशाकको व्यवस्था गर्नु पर्दछ।

७. बालबालिकाको लागि मौसम अनुसारको स्वस्थ र पोषणयुक्त पर्याप्त खानाको व्यवस्था (बिहानको खाजा, खाना, अपरान्हको खाजा र बेलुकीको खाना) हुनु

८. ओढ्ने, ओछ्याउने, लगाउने लुगाहरु लगायतका लत्ताकपडाहरु सफा राख्नु पर्दछ।

(ग) बाल संरक्षणः

१. संस्थाको बाल संरक्षण मापदण्ड निर्माण गरी कार्यान्वयन गर्नु पर्दछ।

२. बालबालिकालाई जातजाति, भूगोल, धर्म, भाषा, शारीरिक, मानसिक जस्ता अवस्थाका आधारमा भेदभाव गर्नु हुँदैन ।

२. बालगृहमा रहेका बालबालिकालाई कुनै पनि किसिमका दुर्व्यवहार, हिंसा, शोषण वा भेदभाव गर्नु हुँदैन।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

CamScanner

३. बालगृहमा रहेका बालबालिकाको जन्मदर्ता प्रमाणपत्र नभएको अवस्थामा प्रचलित कानून अनुसार जन्मदर्ता प्रमाणपत्रको व्यवस्था सुनिश्चित गर्नु पर्दछ।

४. मनोसामाजिक विमर्शको आवश्यकता भएका बालबालिकालाई आवश्यकता अनुसार परामर्शको व्यवस्था हुनु पर्नेछ।

५. बालबालिकाको पढाईमा अवरोध हुने र हित विपरित हुने गरी बालबालिकालाई कुनै पनि कार्य गराउन पाईनेछैन।

६. बालबालिकासँग सम्बन्धित हिंसा, शोषण लगायतका घटनाको सम्बोधन यथाशिघ्र गर्नुपर्दछ र कानूनी प्रक्रियाको आवश्यकता भएको अवस्थामा सोको व्यवस्था गर्नु पर्दछ।

७. बालबालिकाको सहज पँहुच र गोपनियता कायम हुने गरी बालगृहमा गुनासो/सुझाव पेटिकाको व्यवस्था हुनु पर्दछ। गुनासो सुनुवाई संयन्त्रबाट प्रत्येक दिन उक्त पेटिका खोली प्राप्त गुनासो/सुझावलाई तत्काल सम्बोधन गर्नुपर्दछ। उजुरीकर्तासँग प्रतिशोध नलिईने सुनिश्चित गर्नु पर्दछ।

८. बालगृहमा बालबालिकासँग सम्पर्क गर्न आउने कुनै पनि व्यक्ति बालगृहका व्यवस्थापक वा कर्मचारीलाई असम्बन्धित वा शंका लागेमा निजको आवतजावत तथा बालबालिकासंगको सम्पर्कलाई निषेध गर्नु पर्दछ।

९. बालगृहमा आवासीय कर्मचारीवाहेक कुनै पनि बाह्य व्याक्तिहरु तथा स्वदेशी वा विदेशी स्वयम् सेवकलाई बास बस्न दिन पाईनेछैन।

१०. बालगृहमा कुनै दुर्घटना भएमा वा बालबालिकालाई आपतकालिन अवस्था भएमा अपाङ्गता भएका बालबालिकाले पनि तत्काल सूचना दिन सक्ने व्यवस्था मिलाउनु पर्दछ।

११. सुरक्षा जोखिम भएका बालबालिकालाई बालगृहभित्र वा बाहिर कुनै पनि जोखिमबाट पूर्ण सुरक्षित हुने बन्दोबस्त मिलाउनु पर्दछ।

१२. बालबालिकाको पारिवारिक धर्म र संस्कार अनुसारको क्रियाकलाप गर्ने व्यावस्था हुनु पर्दछ। तर बालबालिकालाई कुनै आस्था वा धर्म ग्रहण गर्न बाध्य बनाउने वा लोभ्याउने वा उक्साउने गर्नु, गराउनु हुँदैन।

१३. बालगृह र बालबालिकाको सहमतिबिना कसैलाई पनि फोटो, भिडियो खिच्न दिनु हुँदैन।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

CamScanner

१४. बालबालिकालाई बालगृहमा कसैलाई पनि हेपाई/बुलिङ गर्न पाईनेछैन।

१५. तीन वर्षसम्मका प्रत्येक ५ जना बालबालिकाका लागि कम्तीमा १ जना, ४ देखी १० वर्षसम्मका लागि १० जनामा १ जना हेरचाहकर्ता (कम्तीमा एकजना महिला) हुनु पर्दछ।

१६. बालिकामात्रका लागि सञ्चालित बालगृहमा आवासीय कर्मचारी महिला हुनु पर्दछ।

(घ) मनोरञ्जन, खेलकुद, विकास, सिर्जनात्मक तथा अतिरिक्त क्रियाकलापः

१. बालगृहभित्र बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक विकासका लागि उमेर, रूची, क्षमता अनुसारको मनोरञ्जन, खेलकुद, श्रव्यदृष्य सामग्री लगायत बालगृह बाहिर समेत उपयुक्त खेलकुद, श्रव्यदृष्य सामाग्री लगायत बालगृह बाहिर समेत उपयुक्त खेलकुदको व्यवस्था हुनु पर्दछ।

२. बालबालिकाको रुची अनुसार चित्रकला, मुर्तिकला, गीत, संगित, साहित्य लगायतका सिर्जनात्मक कार्यहरु गर्ने व्यवस्था गर्नु पर्दछ।

३. बालगृहका १६ वर्ष वा सोभन्दा माथिका बालबालिकालाई जीवनउपयोगी तथा उनिहरुको रुची र क्षमता अनुसारको तालिमको व्यवस्था गर्नु पर्दछ।

४. बालबालिकालाई वर्षमा कम्तीमा एक पटक वनभोज वा शैक्षिक भ्रमणको व्यवस्था गर्नु पर्दछ।

५. बालगृहमा बालक्लवको व्यवस्था हुनु पर्दछ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



वसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

CamScanner

(ङ) सूचना व्यवस्थापन:-

१. बालबालिकाको फोटोसहित वैयक्तिक विवरण, जन्मदर्ता प्रमाणपत्र, बालबालिकासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, घटना व्यवस्थापन जस्ता सूचना अनिवार्य पूर्ण रुपमा अद्यावधिक राखु पर्दछ।

२. प्रचलित कानून बमोजिम बालबालिकाका संवेदनशील सूचना गोप्य राखु पर्नेछ।

३. बालगृहभित्र बालबालिका, बालगृहका पदाधिकारी र कर्मचारी, बाह्य आगन्तुक वा जो कोहीले पालना गर्नुपर्ने आचारसंहिता देखिने गरी राखु पर्दछ।

४. बालगृहको परिसरमा बालगृहका पदाधिकारी, कर्मचारी, आगन्तुक, बालबालिका लगायत कसैबाट पनि लागुपदार्थ, चुरोटसुर्ती र मदिराको सेवन वा प्रयोग नहुने सुनिश्चित गर्नु पर्दछ।

५. बालगृहको प्रशासनिक र आर्थिक लगायतका सूचना वा फाईल अद्यावधिक गर्नु पर्दछ।

(च) अन्य व्यवस्था:

१. बालगृहमा दैनिक तथा साप्ताहिक कार्यतालिका र भोजन तालिका बनाई कार्यान्वयन गर्नु पर्दछ।

२. बालबालिकालाई समय/समयमा आफन्तसँग सम्पर्क तथा भेटघाट गर्ने व्यवस्था गर्नु पर्दछ।

३. बालगृहमा कार्य गर्ने सबै कर्मचारीलाई बालगृहको नीति तथा मापदण्ड, बाल अधिकार र बालमैत्री व्यवहारबारे अनुशिक्षण वा तालिम दिएको हुनु पर्नेछ।

४. बालगृहमा कम्तीमा ३० जना बालबालिकाका लागि देहायको संख्यामा कर्मचारी हुनुपर्छ:

| | |
|---|---|
| १. भान्से तथा हेरचाहकर्ता (महिला १) | २ जना पूर्णकालिन |
| २. शिक्षण सिकाई सहजकर्ता | १ जना पूर्णकालिन/आंशिक |
| ३. व्यवस्थापक/प्रशासक | १ जना पूर्णकालिन |
| ४. मनोविमर्शकर्ता | १ जना पूर्णकालिन/आंशिक |
| ५. स्वास्थ्यकर्मी | १ जना पूर्णकालिन/आंशिक |
| ६. खेल/मनोरञ्जन सहयोगी | १ जना आंशिक |
| ७. सामाजिक कार्यकर्ता | १ जना पूर्णकालिन/आंशिक |

बालगृहमा रहने कर्मचारी र स्वयम् सेवकको नियुक्ति र सेवासुविधा सम्बन्धी स्पष्ट व्यवस्था हुनुपर्ने।

अनुसूची-२

मिति: २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

(कार्यविधिको दफा १० (१) संग सम्वन्धित)

**बालक्लब दर्ता प्रमाण-पत्र लिन दिइने निवेदनको ढाँचा (नमुना)**

मितिः.............................................

श्री.........................................

**विषयः-बालक्लब वा संस्था वा सञ्जाल दर्ता सम्बन्धमा।**

उपयुक्त सम्बन्धमा उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नं. .. टोल ......................................... स्थित बालक्लव वा संस्था/बालसञ्जाल दर्ता गरी बाल अधिकारको प्रवर्धन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न हामी ......... जना सम्मिलित हुने गरी ................................................... नामक बालक्लब वा संस्था/बालसञ्जाल दर्ता गर्न ईच्छुक भई देहाय बमोजिमको कागजात संग्लन गरी त्रियुगा नगरपालिकाको बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्यविधि, २०७९ को परिच्छेद ........... दफा .......... बमोजिम उल्लिखित बालक्लब वा संस्था/बाल सञ्जाल दर्ता गरिदिन हुन अनुरोध छ।

संग्लन गरिएका कागजातहरु

१. बालक्लबमा आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण,
२. बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,
३. बालक्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,
४. बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरुको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण।

दस्तखतः
नामः
पदः
सम्पर्क नः

अनुसूची-३

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

(कार्यविधिको दफा १० (२) संग सम्वन्धित)

त्रियुगा नगरपालिका

उदयपुर

१ नं. प्रदेश

संस्था/बालक्लब/सञ्जाल सूचिकरणको दर्ता किताब (नमूना)

| क.स. | संस्था/बालक्लब/सञ्जालको नाम | ठेगाना | संस्था/बालक्लब/सञ्जालमा सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचिकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

CamScanner

अनुसूची-४

(कार्यविधिको दफा १० (२) संग सम्वन्धित)

<u>संस्था/बालक्लब/सञ्जाल सूचीकृत प्रमाणपत्रको नमूना</u>

त्रियुगा नगरपालिका

उदयपुर

प्रदेश नं.१

नेपाल

सूचीकृत/आवद्धता प्रमाणपत्र

आवद्धता नं.-

मितिः-..................................

श्री.............................संस्था/सञ्जाल/बालक्लब ठेगाना ....................................

उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नं. .. को ...................... विद्यालय/समुदाय/वालगृह/वालसुधार गृहमा गठन ................. संस्था/बालक्लब/सञ्जाललाई यस त्रियुगा नगरपालिकामा आवद्धता गरी बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि, २०७९ को परिच्छेद ......... दफा ......... ले व्यवस्था गरे अनुसार आवद्धताको प्रमाणपत्र प्रदान गरिएको छ।

वाल अधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ तथा बालवालिका सम्वन्धी ऐन, २०७५ लगायत बालवालिका सम्बन्धी विद्यमान कानूनहरुको अधिनमा रही यस नगरपालिकाको वालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं।

प्रमाणित गर्ने

नामः

पदः

दस्तखतः

मितिः २०७९/०९/२९

(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत

नगर प्रमुख

अनुसूची-५

(कार्यविधिको दफा १० (३) संग सम्वन्धित)

## संस्था/वालक्लव/सञ्जाल नविकरणको लागि निवेदनको ढाँचा

### निवेदन पत्रको ढाँचा (नमूना)

मितिः-.................................

श्री प्रमुख/अध्यक्ष ज्यू,
त्रियुगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
..................................................
..................................................।

विषयः संस्था/वालक्लव/सञ्जाल नवीकरण गरी पाऊँ भन्ने वारे।

महोदय,

उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नं. ...... स्थित ........................ विद्यालय/वालक्लव/सञ्जाल त्रियुगा नगर कार्यपालिकावाट स्वीकृत "वाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि, २०७९" को परिच्छेद .......... दफा .......... ले गरेको व्यवस्था वमोजिम मितिः ..................................मा दर्ता/सुचिकृत भै क्रियाशिल रहदै आएको छ। हाम्रो आवद्धता/दर्ता/सूचिकृत नं ........ रहेको छ। यस सिलसिलामा बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि, २०७९ को परिच्छेद .......... दफा .......... ले गरेको व्यवस्था वमोजिम संस्था/वालक्लव/सञ्जालले वर्षभरी सम्पन्न गरेको मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण,संस्था/वालक्लव/सञ्जालमा रहेका सदस्यहरु तथा कार्यसमितिमा रहेका पदहरुको विवरण यसैसाथ संग्लन गरिएको छ।

भवदीय
अध्यक्ष
...............................

संस्था/वालक्लव/सञ्जाल नवीकरणका लागि संग्लन गरिएको कागजातहरु:-

१. अनुसूची ४ अनुसारको निवेदन
२. संस्था/वालक्लव/सञ्जालले वर्षभरि सम्पन्न गरेका मुख्य क्रियाकलापहरु
३. संस्था/वालक्लव/सञ्जालको निर्णय
४. विद्यालयको हकमा विद्यालयको सिफारिस
५. वडाको सिफारिस

मितिः २०७९/०९/२९
(दशौं नगर सभावाट पारित)

वसन्त कुमार वस्नेत
नगर प्रमुख

नगर प्रमुख



CamScanner

६. संस्था/बालक्लब/सञ्जाल दर्ताको प्रतिलिपि

अनुसूची-६

त्रियुगा नगरपालिका

उदयपुर

१ नं. प्रदेश

(कार्यविधिको दफा १० (४) संग सम्बन्धित)

संस्था/बालक्लब/सञ्जाल सूचिकरणको नवीकरणको दर्ता किताब (नमूना)

| क.स. | संस्था/बालक्लब /सञ्जालको नाम | ठेगाना | संस्था/बालक्लब/सञ्जालमा सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचिकृत नं. र मिति | सम्पर्क नं. | नविकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची-७

मिति: २०७९/०९/२९
(दशौं नगर सभावाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

त्रियुगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गाईघाट, उदयपुर
कोशी प्रदेश नेपाल
२०७३

CamScanner

## त्रियुगा नगरपालिका नगर बाल अधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा

### त्रियुगा नगरपालिका

### नगर बाल अधिकार समिति

### उजुरी निवेदन फारामको ढाँचा (नमूना)

मितिः........................................

१) विद्यार्थीको नाम थर ................................ (आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)

२) कक्षा.............................. (आफूलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा हुने)

३) विद्यालयको नामः.......................................................

४) उमेर.......................................................................

५) लिङ्ग.....................................................................

६) गुनासो तथा घटना..................................................

७) घटना घटाउने व्यक्ति...........................................

८) घटनाको प्रकृति.......................................................

९) घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो.................................

१०) घटना वा समस्या समाधानका सम्भावित उपायहरु के हुन सक्दछन्?

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

निवेदकको दस्तखत(दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)

बसन्त कुमार वंस्नेत
नगर प्रमुख

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)